“**हाम्रो** माथागढी, हाम्रो शानः समृद्ध माथागढी हाम्रो पहिचान”

गाउँपालिका अध्यक्ष श्री यम बहादुर चिदीज्यूबाट गाउँ सभाको १७ औं

अधिवेशनमा प्रस्तुत भएको

# नीति तथा कार्यक्रम

आ.व. २०८२/०८३

माथागढी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

झडेवा, पाल्पा

प्रस्तुत मितिः २०८२ अषाढ ९ गते

पारित भएको मितिः २०८२ अषाढ ९ गते

# आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम

यस गरिमामय गाउँसभाका उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा नं. १ देखि ८ वडाका अध्यक्षज्यू, गाउँकार्यपालिकाका सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, संचारकर्मी तथा आम गाउँपालिका बासी आमा बुबा, दाजुभाई तथा दिदीबहिनीहरु।

माथागढी गाउँपालिकाको १७ औं गाउँसभा अधिबेशनमा यहाँहरुलाई हार्दिक स्वागत गर्दछु। नेपालको संबिधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम माथागढी गाउँपालिकाको अध्यक्षको हैसियतले हाम्रो पालिकाको आगामी आ.ब. २०८२/०८३ को नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभाको बैठकमा प्रस्तुत गर्न पाउँदा खुशी लागेको छ । यस अबसरमा, संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना र सुशासनका लागि नेपाली जनताले गर्दै आएका जन आन्दोलनहरुमा सहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु। साथै पालिकाको दिगो विकासमा आजको मिति सम्म अहम भूमिका निर्वाह गर्नुहुने निर्वाचित जनप्रतिनिधिज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, समाजसेवी लगायत सम्पूर्ण जनसमुदायप्रति हार्दिक नमन तथा उच्च सम्मान व्यक्त गर्न चाहन्छु । समृद्ध माथागढी गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, पालिका बासीहरुको समृद्धिको सपना र हामीले निर्बाचनका क्रममा पालिकाबासी आम जनता समक्ष गरेको प्रतिबद्धता पुरा गर्ने प्रतिवद्धताको निरन्तरता स्वरूप आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमलाई केन्द्रित गर्ने प्रयास गरेका छौं ।

माथागढी गाउँपालिकाको नीति तथा कार्यक्रमको लक्ष्य "समावेशी सुशासनद्वारा गुणस्तरीय सेवा, सामाजिक न्याय, स्थानीय स्रोतको उपयोग र दिगो पूर्वाधार विकासमार्फत समृद्ध र आत्मनिर्भर गाउँपालिका निर्माण" रहेको छ। यसअन्तर्गत नागरिकलाई छिटो, सहज र प्रभावकारी सेवा प्रदान गर्न कुशल सर्भिस कल्चरको (Good Service Culture) व्यवस्था गरिनेछ। स्वास्थ्य, शिक्षा, कृषि र सामाजिक सुरक्षाका सेवाहरूमा गुणस्तर सुधार गर्दै सबैका लागि पहुँच सुनिश्चित गरिनेछ। सेवा प्रवाहका सबै चरणमा पारदर्शिता र जवाफदेहिताको सुनिश्चिततासँगै प्रशासनिक

प्रक्रियामा जनसहभागिता र सबै वर्ग तथा समुदायको प्रतिनिधित्व कायम गरिनेछ। महिला, दलित, अपांगता भएका व्यक्ति र विपन्न वर्गलाई लक्षित गर्दै सामाजिक न्याय र समावेशीतालाई प्राथमिकतामा राखिनेछ। आर्थिक विकासका लागि कृषि, पशुपालन, वन पैदावर र घरेलु उद्योगलाई आधुनिक प्रविधि मार्फत प्रवर्द्धन गर्दै रोजगार सिर्जना गरिनेछ भने पर्यटन र सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धनमा पनि जोड दिइनेछ। सहकारी संस्थाहरूलाई सशक्त पारेर स्थानीय उद्यमशीलता र स्वरोजगारलाई प्रोत्साहन गरिनेछ। शिक्षा र स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्दै सबै बालबालिकालाई गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा प्रदान गरिनेछ भने स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाउन पहल गरिनेछ। युवाहरूलाई स्वरोजगार र उद्यमशीलतामा प्रोत्साहन गर्न सीप विकास तालिम पनि सञ्चालन गरिनेछ। विपद् व्यवस्थापनका लागि समुदायको क्षमता विकास र स्रोत परिचालनलाई प्राथमिकता दिइनेछ।
आर्थिक वर्ष २०८२/८३ का लागि माथागढी गाउँपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधानले परिकल्पना गरेको संघीय संरचना अन्तर्गत स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ का प्रावधानहरू, नेपाल सरकार र लुम्बिनी प्रदेश सरकारले अवलम्बन गरेका दीर्घकालीन र आवधिक योजनाहरू, १६ औ योजना, दिगो विकास लक्ष्य २०३० मार्गचित्र ,मध्यमकालिन खर्च संरचना, माथागढी गाउँपालिकाको आवधिक योजनाबाट प्राप्त मार्गदर्शन सहित गाउँपालिकाको गाउँ, टोल, वस्ती हुँदै वडा समिति, बिषयगत समिति, विभिन्न राजनीतिक दलहरू लगायत सरोकारवालाहरुसँगको छलफल, समाजिक सञ्जाल, सरकारी तथा गैरसरकारी संघ-संस्था, बुद्धिजीवी, विषय विज्ञ, व्यवसायी, समाजसेवी, सञ्चारकर्मीहरु र आम गाउँ पालिकाबासीबाट प्राप्त रायसुझावलाई समावेश गरी व्यापक दृष्टिकोणमा आधारित नीति तथा कार्यक्रम निर्माण गरिएको छ।

विकास तथा समृद्धिका लक्ष्य प्राप्तीको लागि हाम्रा सामु केही अवसर चुनौतीहरु समेत रहेका छन।

## विद्यामान अवसरहरु

१. संविधानतः स्थानीय सरकारका २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु।
२. आफ्ना अधिकार क्षेत्रका बिषयहरुमा, ऐन, कानुन र योजना तर्जुमाको अभ्यास हुनु।
३. प्रचुर मात्रामा प्राकृतिक श्रोतको भण्डार रहनु, जसको उपयोगबाट आयआर्जन बढाउन सक्ने अवस्था रहनु।
४. न्युन मात्रमा भए पनि प्राकृतिक स्रोतको परिचालनबाट रोयल्टी प्राप्त हुनु ।
५. धार्मिक, पर्यटकीय तथा ऐतिहासिक क्षेत्रको प्रचारप्रसार गर्न सकेको खण्डमा पर्यटकीय गन्तव्य क्षेत्र बनाउन सकिने अवस्था रहनु।
६. माथागढी गाउँपालिका अन्तर्गतका फाँटहरुमा उचित सिंचाईको प्रबन्ध गरी उत्पादन र उत्पादकत्व बढाउन सकिने सम्भावना रहनु ।
७. तेजपत्ता, अम्रिसो साथै स्थानीय कृषि उपजहरुको राम्रो उत्पादन क्षेत्र रहनु।
८. तराईको ठूलो बजार क्षेत्रसँग जोडिएको भौगोलिक अवस्थितिले उत्पादित खाद्य वस्तुहरुको विक्रि वितरण मार्फत आयआर्जन गर्न सकिने अवस्था रहनु।

विद्यामान चनौतीहरु

१. सिमित स्रोतसाधनबाट असिमित अपेक्षाहरु सम्बोधन गर्नु पर्ने अवस्था रहनु।
२. विषम भौगोलिक विविधताको कारण विकासका गतिविधि संचालन गर्न कठिनाई हुनु।
३. अशिक्षा, सामाजिक चेतनाको कमी, परम्परागत निर्वाहमुखि खेती प्रणाली विद्यमान रहनु ।
४. गाउँमै रोजगारी सिर्जना हुन नसक्दा युवा जनशक्ति विदेश पलायन हुनु।
५. गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक श्रोतसाधनको उच्चत्तम उपयोग गर्न नसकिनु
६. दक्ष जनशक्तिको अभावमा आवश्यक कानुन निर्माण गर्न नसकिनु।

७. एकिकृत सम्पतीकर प्रणाली र नक्शापास सम्बन्धी मापदण्ड प्रभावकारी रुपमा कार्यन्वयन गर्न नसकिनु ।
८. फोहोरमैला व्यवस्थापन प्रभावकारी रुपमा गर्न नसकिनु।

सभाका सदस्यज्यूहरु,
अब म चालु आर्थिक बर्ष २०८१/०८२ को नीति तथा कार्यक्रमको मुख्य मुख्य उपलब्धिहरु संक्षिप्त समिक्षा प्रस्तुत गर्न चाहन्छु |

१. भौतिक उपलब्धि

सडक तथा पुर्बाधारः ८.४ कि.मी. नयाँ सडक निर्माण, १५.४ कि.मी. सडक चौडा भएको भएको, १.१ कि.मि सडक ढलान भएको, २ कि.मि सडक पक्की नाली निर्माण भएको, ११.६ कि.मि ग्रावेल तथा स्तरोउन्नोती, १.३ कि.मि. सडक कालोपत्रे, २ वटा बक्स कल्भर्ट, १ वटा सल्याब कल्भर्ट, धेरै स्थानमा पाइप कल्भर्ट निर्माण भएको तथा गाँउपालिकाको सडक गुरुयोजना सपन्न निर्माण सम्पन्न भएको छ।

भवनतर्फ गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य प्रारम्भ, १ नं. वडा कार्यालय भवन निर्माण सम्पन्न, कसेनी स्वास्थ्य चौकी भवन निर्माण सम्पन्न, किसान मा.वि. भवन निर्माण सम्पन्न, दिव्यज्योति नमूना मा. वि.भवन निर्माण करिव ९०% सम्पन्न, १५ शैयाको अस्पताल भवन करिव ८५% सम्पन्न, माथागढी गाँउपालिका वडा नं. ०३ मा बहुउद्देश्यीय सभाहल निर्माण प्रारम्भ भएको छ।

सिंचाई तथा खानेपानी तर्फ १ हजार १ सय मिटर सिचाई कुलो निर्माण भएको, खानेपानी टंकी निर्माण १२ वटा, धारा निर्माण ५९ वटा, इन्टेक टंकी निर्माण तथा मुहान संरक्षण १२ वटा, विभिन्न स्थानमा पाइपलाईनको काम गरिएको छ।

उपभोक्ता समिति मार्फत संचालन हुने गरी सम्झौता भएका १६९ वटा योजनामध्ये १६० वटा योजना सम्पन्न भएका र अन्य योजना सम्पन हुने क्रममा रहेका

छन। ठेक्का मार्फत कार्यान्वयन भएका २७ वटा योजनाहरुमध्ये १६ वटा सम्पन्न भएका छन भने अन्य योजनाहरु निर्माणको अन्तिम चरणमा रहेका छन।

## २. सामाजिक उपलब्धी

शिक्षा क्षेत्र तर्फ गाउँ शिक्षा योजना निर्माण, स्काउट तालिम, राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता, स्थानीय पाठ्यक्रम मगर भाषा सहित निर्माण कार्य सम्पन्न, QEQS कार्यक्रम अन्तरगत शिक्षकको क्षमता विकासका विभिन्न किसिमका तालिमहरु संचालन, शिक्षक-विधार्थी-अभिभावक प्रशिक्षण कार्य तथा निगरानी समूह गठन गरिएको छ साथै विद्यालयको शैक्षिक गुणस्तर सुधारको लागि नियमित अनुगमन गर्ने कार्य समेत गरिएको छ।

- स्वास्थ्य सेवा तर्फ माथागढी गाउँपालिकाको सबै वडा तथा गाउँपालिकालाई नै पूर्ण संस्थागत प्रसुति सेवायुक्त गाउँपालिका घोषणा सुनिश्चितता सम्पन्न गरिएको ।
- महिलाहरुको प्रजनन रुग्णता सम्बन्धी Screening Camp सञ्चालन गरी पत्ता लागेका विरामीहरुको उपचार तथा व्यवस्थापन गरिएको ।
- माथागढी गाउँपालिकाका विपन्न नागरिकहरुलाई स्वास्थ्य सेवामा पहुँच बढाउन विपन्न स्वास्थ्य विमा कार्यक्रम अन्तर्गत ५७० घरपरिवारलाई स्वास्थ्य वीमा गरिएको।
- कडा प्रकारका रोग लागेका बिपन्न बिरामीहरुलाई नेपाल सरकारले उपलव्ध गराउने बिपन्न नागरिक औषधी उपचार कोष निर्देशिका २०७५ बमोजिम सिफारिस, लुम्बिनी प्रदेश सरकारले उपलव्ध गराउने प्रदेश स्वास्थ्य उपचार विशेष आर्थिक सुविधा निर्देशिका २०७८ बमोजिम सिफारिस र मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार बापत खर्च उपलव्ध गराउने सम्बन्धी कार्यबिधी २०७८ बमोजिम मासिक रु.५०००।का दरले नियमित रुपमा उपलव्ध गराईएको।
- पूर्ण खोप सुनिश्चितता वडा तथा पालिका घोषणा सम्पन्न गरिएको ।

- किटजन्य तथा डेंगु रोग रोकथाम र नियन्त्रणका लागि सरोकारवालाहरुलाई अभिमुखीकरण गरिएको ।
- किटजन्य तथा डेंगु रोग रोकथाम र नियन्त्रणका लागि खोज र नष्ट गर कार्यक्रम सबै वडामा संचालन गरिएको ।
- आत्महत्या रोकथाम, सडक दुर्घटना न्यूनीकरण, नसर्ने रोग र मानसिक स्वास्थ्यसम्बन्धि अभिमुखीकरण कार्यक्रम संचालन गरिएको ।
- स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाहरुलाई प्रभावकारी बनाउन आवश्यक औषधि/उपकरण तथा सामाग्रीहरुको नियमित आपुर्ति गरिएको ।
- १० देखि १४ बर्ष र कक्षा ६ देखि १० मा अध्ययन गर्ने किशोरहरुलाई पाठेघरको मुखको क्यान्सर बिरुद्धको खोप एच.पी.भी. खोप अभियान २०८१, कोभिड-१९ बिरुद्धको खोप अभियान लगायतका बिभिन्न खोप अभियान संचालन गरि सम्पन्न गरिएको।
- स्वास्थ्य संस्थाको अभिलेख तथा प्रतिबेदनलाई सहज र व्यवस्थित गराउन विद्युतिय स्वास्थ्य व्यवस्थापन सूचना प्रणालि (eHMIS) जडान गरिएको ।
- Family health Profile (M.Health)मा मोवाईल एपको प्रयोग गरि सबै वडाको तथ्याङ्क संकलन गरिएको ।
- सबै वडामा ६-५९ महिनाका बालबालिकाहरुमा कुपोषण खोजपड्ताल कार्यक्रम संचालन गरिएको सम्पन्न गरिएको ।
- जेरियाट्रिक (जेष्ठ नागरिक) तथा लैंगिक हिंसा व्यवस्थापन सम्बन्धी सरोकारवालाहरुलाई अभिमुखीकरण गरिएको ।
- रोमिङ्ग नर्सबाट विद्यालय तथा समुदायमा सेवा प्रवाह गरिएको ।
- ३ स्थानमा खुल्ला व्ययमशाला स्थापना गरिएको ।
- विद्यालयहरुमा योग शिक्षा कार्यक्रम संचालन गरिएको छ।

## ३. आर्थिक विकास

कृषि क्षेत्र तर्फ गहु, मकै, धान, आलु, हिउदे तरकारी, धनिया, खुर्सानी लगायतको विउ ५०% अनुदानमा वितरण गरिएको छ। जसबाट १०७.४ मेट्रिक टन गहु, ५७.३ मेट्रिक टन आलु, २४५०० के.जि. धनिया, ११६.५ मेट्रिक टन खुर्सानि उत्पादन भएको छ। उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम अन्तरगत हालसम्म ९८२८४२.५० रुपैया कृषकलाई प्रदान गरिएको छ।

कृषि यान्त्रिकरण अनुदान कार्यक्रम अन्तरगत माथागढी गाँउपालिकाको ८ वटा वडाका १२८ जना कृषकलाई ५०% अनुदानमा मिनिट्रिलर वितरण गरिएको छ।साथै मकैको बिउ उत्पादन कार्यक्रमको शुरुवात, रैथाने जातलाई जिन बैंकमा संरक्षण, माटो उपचार अन्तरगत अम्लीय माटो सुधार गर्न कृषि चुन अनुदानमा वितरण लगायतका कार्यहरु गरिएको छ।

पशुपंछी शाखा अन्तरगत १० वटा गोठ खोर तथा भकारो सुधार, बाख्राको ४ वटा तथा बंगुरको १६ वटा खोर सुधार गरिएको छ।आवश्यकतामा आधारित गाँइभैसि, कुखुरा, बाख्रा, बंगुर तथा माछा पालन तालिम, दाना बनाउने तालिम वडागत रुपमा संचालन गरिएको छ।हिंउदे र बर्षे बहुबर्षिय घाँसको विउ अनुदानमा वितरण गरिएको छ।कृत्रिम गर्भाधान सेवा नियमित रुपमा संचालन भइरहेको छ।

सहकारी क्षेत्रतर्फ सहकारी क्षेत्रको वित्तिय तथा प्रशासनिक अवस्थाको नियमित अनुगमन गरी सुझाव समेत दिइएको छ। सहकारीहरुलाई सूचना प्रविधिमैत्री बनाउनको लागि COPOMIS सम्बन्धी ३ दिने तालिम प्रदान गरिएको छ।

पर्यटन पुर्बाधार तर्फ सराईमा रहेको लखन थापा पार्कमा टायलिङ्ग तथा पार्क सौन्दर्यकरणको कार्य सम्पन्न भएको, माथागढी मन्दिर जाने मोटरबाटो मर्मत सम्पन्न भएको तथा नेपाली सेनाद्धारा पार्क सौन्दर्यकरण गरी गाँउपालिकालाई हस्तान्तरण भएको, वडा नं. ०२ मा रहेको पिपलडाडा पर्यटकीय पार्कको सौन्दर्यकरण गरिएको छ।पाल्पा जिल्लाको सबैभन्दा अग्लो टाकुरा कौडेलेकको

काखमा रहेको ओलेसमा वडा नं १ का धैरेनीबासी र ३ का ओलेसबासीहरुलाई होमस्टे संचालनार्थ पाक शिक्षा सम्बन्धी ३ दिने तालिम संचालन गरिएको छ। सुशासन तथा संस्थागत र सेवा प्रबाह तर्फ दैनिक प्रशासनिक कामकारबाहीहरु नियमित रुपमा संचालन भइरहेका छन।

सभाका सदस्यज्यूहरु,
अब म आगामी आर्थिक बर्ष २०८२/०८३ को लागी वार्षिक नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## १.आर्थिक विकास क्षेत्रः

### क. कृषि सम्बन्धी नीतिः

- **उत्पादन खेतबारीमा, अनुदान हात हातमा** भन्ने मुल नाराका साथ कृषि तथा पशुजन्य **उत्पादनमा आधारित प्रोत्साहन अनुदान** कार्यक्रमलाई थप प्रभावकारी बनाई कृषि उत्पादन तथा व्यवसायिकता बृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ। कृषि उत्पादनको बिक्री सुनिश्चितताको लागि उत्पादन संकलन, ग्रेडिङ्ग, प्याकेजिङ्ग तथा बिक्रि वितरणको सहज व्यवस्थापनको लागि विशेष कार्यक्रम संचालन गरिनेछ।
- "**कृषि उत्पादनमा वृद्धि, माथागढी गाउँपालिकाको समृद्धि**" भन्ने अवधारणा सहित कृषिजन्य उत्पादनमा आधुनिकीकरण तथा यान्त्रिकरणमा जोड दिई उत्पादन तथा उत्पादकत्व बृद्धि गरी माथागढी गाउँपालिकालाई कृषिजन्य उत्पादनमा आत्मनिर्भर बनाउन जोड दिईनेछ ।
- खाद्यान्न तथा तरकारी बालीहरुमा उत्पादन तथा उत्पादकत्व बढाउन तथा विउ प्रतिस्थापन दर बढाएर खाद्यान्नमा आत्मनिर्भर बनाउने उद्देश्यले धान,

मकै, गहुँका उन्नत जातहरु तथा तरकारी बालीहरुको उन्नत तथा हाइब्रिड जातको **विउ अनुदानमा** वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ। बिउ बिजनको वितरण तथा सो को प्रतिफलको अनुगमन निरीक्षण गरिनेछ

- स्थानीय उत्पादनलाई प्राथमिकता दिदै बजारीकरणको निम्ति विभिन्न कृषक समुह/सहकारी तथा संघसंस्थाहरुसंग समन्वय गरिनेछ । साथै **हाट बजार निर्माण तथा सञ्चालनको** प्रकृया अगाडी बढाईनेछ ।
- **माटो सुधार तथा जैविक खेति प्रबर्द्धन** गर्न रासायनिक मल/बिषादीको प्रयोग न्यूनीकरण गरि ट्राइकोडरमा, सिउडोमोनास, ढैंचा, एजोला तथा जैविक मल प्रयोग गरि खेति गर्न प्रोत्साहन गर्न बिशेष कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।पालिका भरिको माटोको भौतिक तथा रासायनिक अवस्था जाँच गर्न **माटो परिक्षण शिबिर** तथा माटो सुधारका कार्यक्रमहरु थप प्रभावकारी बनाइने छ।
- बाँदर, बदेल, दुम्सी लगायतका जंगली जनावरहरुबाट कृषिजन्य उत्पादनमा हुने क्षति न्यूनीकरण गर्न अदुवा, बेसार, खुर्सानी, टिमुर जस्ता बैकल्पिक बालीहरुको उत्पादन प्रवर्द्धन गर्ने विशेष कार्यक्रम संचालन गरिनेछ।
- अगुवा कृषकहरुलाई दक्ष कृषि प्राविधिकबाट **तालिम तथा निरन्तर प्राबिधिक सहयोगमार्फत** कृषि क्षेत्रलाई प्रबर्द्धन तथा ब्यबसायिकरण गर्न स्थानीय किसानहरुलाई **मौरी** पालन, च्याउ उत्पादन जस्ता नगदेबालीहरुबारे **तालिम कार्यक्रम** लाई निरन्तरता दिइने छ ।

- माथागढी गाउँपालिकाको उत्पादनलाई बजार प्रवर्द्धन तथा भण्डारण गर्नको लागि समूह, सहकारीमार्फत **कोल्ड स्टोर/च्याम्बरको सञ्चालनका लागि** आवश्यक व्यवस्था गरिनेछ ।

- जग्गाको चक्लाबन्दीमा जोड दिई एक गाउँ एक उत्पादन मौरीपालन, खुर्सानी/ आलु/ धनियाँ/ तरकारी/ किवी **पकेट क्षेत्र** विस्तार तथा उत्पादन र उत्पादकत्व बढाउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- **बाँझो जग्गामा खेति विस्तार** गरि बहुबर्षीय तथा उच्च मूल्यका बालीहरुको क्षेत्र विस्तार गर्न कार्यक्रम संचालन गरिनेछ ।बाँझो जग्गाको सदुपयोग गरी सामूहिक खेती प्रणालीको शुरुवात गरी कृषिमा आधारित जीविकोपार्जन कार्यलाई जोड दिइने छ । नविनतम सोच भएको कृषकको पहिचान गरी उन्नत प्रविधियुक्त व्यवसाय विस्तार तथा पुरस्कृत गर्ने नीति ल्याइने छ ।

- कृषि उत्पादनलाई उद्योगसँग जोड्न **मसला उद्योगलाई थप प्रवर्द्धन** तथा मसलाजन्य बाली उत्पादन प्रोत्साहन गर्ने खालका कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

- **अर्गानिक कृषि** खेतिलाई विशेष जोड दिइने छ ।मानव शरिरमा देखा परिरहेको **विषादिको असर** र रासायनिक विषादिको प्रयोगलाई कम गर्न तथा जैविक विषादि प्रवर्द्धन गर्न एग्रोभेट संचालक, पालिका र अन्तर्गतका कृषि प्राविधिक र कृषकहरुका लागि विषादि सचेतना सम्बन्धी तालिम र गोष्ठि संचालन गरिनेछ।

- संघिय सरकारको नीति अनुसार **किसान सूचीकरण कार्यक्रम** अन्तर्गत वडा नं. १ देखि ८ सम्म किसान सूचीकरण प्रणालीमा सूचिकृत भइसकेका

किसानहरुलाई प्रमाणीकरणको प्रकृया पुरा गरी किसान परिचयपत्र वितरणको कार्य शुभारम्भ गरिनेछ।

- **जलवायुमैत्री** प्रविधि (थोपा सिंचाई,प्लाष्टिक घर, प्लाष्टिक पोखरी, आकाशे पानीको संकलन, जुठेल्नोको पानी व्यवस्थापन) गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- माथागढी गाँउपालिका क्षेत्रभित्र फलफुल उत्पादन हुने सम्भावित क्षेत्र पहिचान गरि सोहि अनुरुप फलफुलको व्यवसायीक उत्पादन तथा बगैचा सुदृढीकरण कार्यक्रम संचालन गरिनेछ।
- दर्ता नभएका तथा संगठित भएका स्थानीय कृषि समूहहरुलाई दर्ता नविकरण/लेखापरीक्षण प्रकृयामा सहजीकरण गर्ने र उनीहरुको **क्षमता अभिबृद्धि**को लागि सहयोग गर्ने कार्यमा निरन्तरता दिइनेछ।
- कृषि तथा पशुपालन सम्बन्धी जानकारीमूलक पुस्तिका, पोष्टर, पम्प्लेट ,फ्लिप चार्ट जस्ता सामाग्रीहरु प्रकाशन गरी कृषि र पशुपालन उत्पादन, प्रशोधन, उपभोग र बिक्रीलाई थप व्यवस्थित गर्न कृषक सचेतना अभिवृद्धि गरिनेछ ।
- **"सिंचाई क्षेत्रको विस्तार, उत्पादन बृद्धिको आधार"** भन्ने अवधारणा अनुसार खेति योग्य जमिनमा बर्षभरि सिचाई सुबिधा बढाउन थोपा सिंचाई, प्लास्टिक पोखरी, कुलो, नहर, स्यालो ट्युवेल तथा पाइप मार्फत सिचाई पहुँच विस्तार तथा गाउँपालिका भित्रका **सिंचाई प्रणालीहरू** व्यवस्थित गर्न विशेष पहल गरिने छ। पालिकाभित्रका सबै कृषियोग्य भूमिमा सिँचाईको सुनिश्चिता गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

- स्वच्छ तथा पोषणयुक्त खाद्य प्रबर्द्धन गर्न मौलिक एबं रैथाने बाली उत्पादनमा जोड दिने ब्यबस्था मिलाईनेछ। घरेलु, साना तथा मझौला उद्योगहरुको विकास र प्रबर्द्धनमा आधुनिक तथा परम्परागत ज्ञान, सिप र अनुभबलाई अन्तर आबद्धता गराई संचालन गर्ने ब्यबस्था मिलाईनेछ।
- रासायनिक मलको प्रयोगलाई निरुत्साहन गरि प्राङ्गारिक मलको प्रवर्द्धन मार्फत कृषि उत्पादनलाई बढवा दिन पालिकामा प्राङ्गारिक मल कारखाना खोल्ने प्रकृया अगाडी बढाइनेछ।
- स्थानीय उत्पादनलाई स्वादेश तथा विदेशको बजारसम्म पुर्याउन विभिन्न संघसंस्था निकायहरुसंग समन्वय र सहकार्य गरिनेछ।

**ख. पशु सेवा सम्बन्धी नीतिः**

- अनुत्पादक एवम् न्यून उत्पादक क्षमता भएका पशुबस्तुहरुको नश्ल सुधारको माध्यमबाट उत्पादन क्षमता वृद्धि गरिनेछ ।यसको लागि कृत्रिम गर्भाधान कार्यलाई निरन्तरता दिइनेछ ।
- हरियो घाँसमा आधारित पशुपालन व्यवसायको प्रवर्धन गरिनेछ । हिउँदे, वर्षे र वहुवर्षे घाँसखेती विस्तारमा गरिदै आएको सहयोगलाई निरन्तरता दिइनेछ।
- पशुपन्छी तथा माछामा लाग्ने रोगहरुको रोग निरोधात्मक, प्रतिरोधात्मक र उपचारात्मक सेवाहरु प्रदान गरिनेछ ।
- पशुपन्छी तथा मत्स्यजन्य उत्पादन र उत्पादित सामग्रीहरुको गुणस्तर नियमन गर्दै उपभोक्ताहरुलाई स्वस्थ र स्वच्छ माछा मासु उपभोगका लागि माछा मासु पसल सुधार कार्यक्रम कार्यान्वयन गरिनेछ ।

- उत्पादन लागत न्यूनीकरण गर्न पशुपन्छी तथा मत्स्य फार्महरुमा यान्त्रिकीकरण एवम् व्यवस्थामकीय कार्यमा सहयोग गरिनेछ ।
- आधुनिक प्रविधियुक्त गोठ/पोखरी स्थापना तथा सुधार कार्यलाई प्रोत्साहन गरिनुका साथै गोठ, पोखरी तथा खोरमा जैविक सुरक्षा विधि अवलम्बन गर्न पोत्साहन गरिनेछ ।
- महामारी रोग जस्तै : खोरेत, भ्यागुते, चरचरे, पिपि.आर, स्वाइन फिवर र रानिखेत विरुद्धको निशुल्क खोप कार्यक्रम प्रभावकारी रुपमा निरन्तर सञ्चालन गरिनेछ।
- रेबिज रोग नियन्त्रणको लागि वडा तथा कृषकसँग साझेदारी गरी विद्यालयहरुमा, टोलटोलमा रेबिज रोगबारे जनचेतना कार्यक्रम संचालन गरी, सामुदायिक (छाडा) तथा घरपालुवा कुकुर तथा बिरालोहरुलाई निःशुल्क रेबिज विरुद्धको खोप तथा बन्ध्याकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- व्यवसायिक रुपमा पशुपन्छी पालन गर्ने उद्यमी तथा वैदेशिक रोजगारबाट फर्किएकालाई प्रोत्साहन गरिनुका साथ साथै आवश्यकतामा आधारित तालिमलाई जोड दिइनेछ ।
- समुदायबाट स्थानीय स्तरमै पशुपंक्षी पालन, मत्स्य पालन, मौरी पालनमा लगानी गरी पारिवारिक आर्थिक स्तर वृद्धि गर्न सुचिकृत कृषक वा कृषि समूहलाई आवश्यक प्रोत्साहनको ब्यबस्था मिलाइनेछ ।

**ग. उद्योग, बाणिज्य तथा आपूर्ती सम्बन्धी नीतिः**

- गाँउपालिकाबासी युवाहरुलाई स्वरोजगार तर्फ लागि आत्मनिर्भर बनाउन युवाहरुको मागमा आधारित सीप विकास तालिम सञ्चालन गरिने छ। साथै

तालिम पश्चात युवाहरुले गरिरहेको व्यवसायको लगत राख्ने व्यवस्था मिलाइने छ।

- सामुहिक व्यवसाय गरिरहनु भएको व्यवसायीहरुलाई थप प्रोत्साहन गर्न तथा सामुहिक व्यवसाय प्रणालीलाई प्रवर्द्धन गर्न प्रविधि हस्तान्तरणका कार्यक्रम संचालन गरिनेछ।
- गाँउपालिका भित्रका उपभोक्ताहरुको स्वच्छ खाद्य वस्तु उपभोगको अधिकारको सम्मान गर्न सम्बन्धित निकायको समन्वयमा नियमित बजार अनुगमन गरिनेछ।
- स्थानीय स्तरमा उत्पादित दुनाटपरीको प्रवर्द्धन गरी प्लाष्टिकजन्य वस्तुको प्रयोगलाई निरुत्साहन गर्न निश्चित परिमाणको आधारमा उत्पादित दुनाटपरिलाई अनुदान प्रदान गरिनेछ।

### घ. सहकारी सम्बन्धी नीतिः

- गाउँपालिका भित्र रहेका सबै सहकारी संस्थाहरुलाई सहकारी तथा गरिबी निवारण सम्बन्धी व्यस्थापन सूचना प्रणाली (COPOMIS) मा अनिबार्य आबद्ध गराई नियमित रुपमा तथ्यांक फेहरिस्त हुने गरी जिम्मेवार बनाइनेछ।
- जनताको बचत र लगानीलाई सुरक्षित, विश्वसनीय बनाई वित्तीय कारोबारलाई सुरक्षित र भरपर्दो बनाउन सबै सहकारी संस्थाहरुलाई सहकारी ऐन, नियमावली र विनियमावली अनुसार संचालन गर्न पालिकाबाट नियमित रुपमा प्रभावकारी निरीक्षण अनुगमन गर्ने ब्यबस्था मिलाईने छ।
- सहकारी संस्थालाई उत्पादनसँग जोड्ने नीति अवलम्बन गरिनेछ साथै एउटै उद्देश्यका साथ स्थापना भएका सहकारीहरुलाई मर्ज गर्न जोड दिईनेछ।

### ङ. राजश्व सम्बन्धी नीतिः

- माथागढी गाँउपालिका बासी नागरिकहरुलाई कर प्रणाली, कर सम्बन्धमा स्थानीय सरकारको अधिकार क्षेत्र, गाँउपालिकाले तोकेको करका क्षेत्र र दर लगायतका विषयमा सचेतनामूलक कार्यक्रम संचालन गर्नेछ। कर छलि, राजस्व चुहावट लगायतका विषयमा शुन्य सहनशिलताको नीति अवलम्बन गरिनेछ।

## २. सामाजिक विकास क्षेत्र

### क. शिक्षा युवा तथा खेलकुद सम्बन्धी नीतिः

- शिक्षामा अभिभावकको चासो बढाउन जनचेतना मुलक अभिभावक शिक्षा संचालन गरिनेछ। विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको काम कर्तव्य र अधिकारको जिम्मेवारी वहन गर्न लगाइ शिक्षाको गुणस्तरमा सुधार गरिनेछ।
- प्रधानाध्यापक तथा विषयगत शिक्षकहरु गणित, विज्ञान र अंग्रेजी तहगत रुपमा शिक्षक तालिमको माध्यमवाट सिकाइ उपलब्धी तथा क्षमता अभिवृद्धि वृद्धि गरिनेछ।
- दीर्घ सेवारत शिक्षक कर्मचारी सम्मान गरी आत्मवल वृद्धि गरिनेछ।
- विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न तर्जुमा गरिएको गाउँ शिक्षा सुधार योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ।
- गाउँपालिका भित्र अध्यनरत रहेका अभिभावकविहीन बालबालिकालाई कक्षा १२ सम्मको अध्ययनका लागी शैक्षिक अभिभावकत्व वहन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

- पालिका अन्तरगतको बिद्यालयमा अध्ययनरत अति बिपन्न बिद्यार्थीहरुलाई माध्यमिक तह सम्मको पढाई निरन्तरताको लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ।
- आधारभूत तहको कक्षा ६ सम्मको बिद्यार्थीहरुलाई प्रदान गरिएको दिवा खाजालाई निरन्तरता दिइनेछ।साथै स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्नलाई दिवा खाजाको रुपमा उपयोग गर्न प्राथमिकता दिइनेछ।
- प्रत्येक विद्यालयहरुले शुक्रबारको दिन विद्यार्थीको चौतर्फि विकासको लागि अनिवार्यरुपमा अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्ने व्यवस्थालाई थप प्रभावकारी बनाइने छ।
- विद्यालय अनुगमन तथा नियमनलाई विज्ञको टोलीद्वारा प्रत्यक्ष निरीक्षण गराई आवश्यक सुझाव, प्रतिक्रिया र पृष्ठपोषण सहित विद्यालय सुधारको लागि थप प्रभावकारी कार्यक्रम सञ्चालन गरिने छ ।
- विद्यालयका शिक्षकले प्रधानाध्यापकसँग र प्रधानाध्यापकहरूले गाउँपालिकासँग कार्यसम्पादन करार सम्झौता गरिनेछ र प्राप्त नतिजाका आधारमा विषयगत शिक्षक, प्रधानाध्यापक र विद्यालयहरूलाई नतिजामा आधारित प्रोत्साहन (Out come Based Incentive) दिने व्यवस्थालाई निरन्तरता दिइनेछ।
- ग्रामिण क्षेत्रका विद्यालयहरुमा विद्यार्थी संख्या ज्यादै न्यून रहेकोले ती क्षेत्रहरुमा विद्यार्थी संख्या, जनशक्ति र भौगोलिक अवस्थाको आधारमा प्रचलित कानून बमोजिम एउटा विद्यालय अर्को विद्यालयमा समायोजन गरि BIG SCHOOL को अवधारणा अनुसार विद्यालय समायोजन तथा कक्षा थपघट गर्दै शिक्षक दरवन्दि मिलान गरिनेछ।
- ब्रिटिस काउन्सिल र माथागढी गाउँपालिकाको साझेदारीमा सञ्चालित **गुणस्तरिय शिक्षा, गुणस्तरिय विद्यालय कार्यक्रम (QEQS)** लाई निरन्तरता दिइनेछ।

- सूचना प्रविधि र कम्प्यूटर सम्बन्धि क्षमता अभिवृद्धि गर्दै सबै विद्यालयलाई थप प्रविधिमैत्री बनाइनेछ।
- शिक्षक सेवा आयोगद्वारा संचालित अध्यापन अनुमतिपत्र, सामान्य परीक्षा र विषयगत परीक्षा तयारी मार्फत शिक्षित युवालाई शिक्षा सेवामा आर्कषित गरिनेछ ।
- पाठ्यक्रम, विशिष्टिकरण तालिका र मूल्यांकनको सन्दर्भमा शिक्षकहरुलाई प्रवोधिकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ। असल अभ्यास, अनुभव आदान प्रदान लगायतका प्रोत्साहन कार्यक्रम मार्फत राम्रो नतिजा ल्याएका विद्यालय र विषयगत शिक्षकहरुको आत्मबल बलियो पारिनेछ। यस्तै नमुना अभ्यास आदानप्रदानको लागि अन्तरपालिका अनुभव आदान प्रदान गरिनेछ।
- विद्यालयमा कार्यरत शिक्षक कर्मचारी तथा विद्यार्थीहरुको दुर्घटना विमा कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- कमजोर सिकाई उपलव्धी भएका विद्यालय र विषयगत शिक्षकहरुलाई थप पृष्ठपोषण प्रदान गर्दै शैक्षिक गुणस्तर र नतिजा सुधार गर्न विशेष कार्यक्रम संचालन गरिनेछ।
- खेलको माध्यमबाट विद्यार्थीको प्रतिभाहरु प्रस्फुटन गरिनेछ। राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगितालाई थप व्यवस्थित गरिनेछ।खेल प्रशिक्षण कार्यक्रम मार्फत खेलकुदमा युवाहरुको क्षमता विकास गरि जिल्ला स्तर तथा राष्ट्रिय स्तरका कार्यक्रमहरुको लागि खेलाडी उत्पादन गरिनेछ।
- युवाहरुलाई खेलमा आकर्षित गर्न माथागढी कप लगायत खेलकुदका विभिन्न विधाका खेलकुद क्रियाकलापहरुलाई निरन्तरता दिइनेछ। वडा नं. ०४ झडेवामा फुटसल ग्राउण्ड निर्माण गरिने छ भने सबै वडामा कम्तिमा १ वटा खेल मैदान निर्माण गर्ने नीति लिइनेछ।

- विद्यार्थीहरुको वहुमुखी प्रतिभा र सिर्जनशिलताको विकास गर्दै विद्यालयहरुमा वाल क्लव, नेपाल स्काउट, रेडक्रस र परियोजना सिकाई कार्यक्रमलाई प्राथमिकताका साथ संञ्चालन गरिनेछ ।
- विद्यालयको भौतिक पूर्वाधार विकासको लागि घेरावार, खेलमैदान, शौचालय, फर्निचर, भवन, कक्षाकोठा व्यवस्थापन लगायतका कार्यहरु माग, नतिजा र आवश्यकताको आधारमा क्रमश प्रदान गरिनेछ ।
- सामुदायिक सिकाई केन्द्रको कार्यलाई थप व्यवस्थित गरी औपचारिक शिक्षाबाट बन्चित रहेका व्यक्तिहरुलाई शिक्षित बनाउन परिचालिकाहरुलाई समुदायमा परिचालन गरिनेछ।
- शिक्षकहरुलाई ल्यापटप खरिदमा अनुदान उपलब्ध गराउँदै आएको कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिदै शैक्षिक गतिविधि सुधारमा सहयोग गरिनेछ ।
- परिमार्जित स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्दै स्थानीय मातृभाषाका पाठ्यपुस्तकहरु निर्माण गरि कार्यान्वयन गरिनेछ।
- स्नातक तहको विज्ञान तथा प्राविधिक विषय अध्ययन गर्ने विपन्न घरपरिवारका विद्यार्थीका लागि छात्रवृतीको व्यवस्था गरिनेछ ।
- विद्यालय उमेर समुहका सबै वालवालिकाहरुलाई विद्यालयमा भर्ना गरी गाउँपालिका भित्रका विद्यालय उमेरका सबै वालवालिकाहरु विद्यालय वाहिर नभएको सुनिश्चित गरिनेछ ।
- सार्बजनिक र संस्थागत बिद्यालयहरुमा नियमित अनुगमन गरि शैक्षिक गुणस्तर सुदृढीकरणको लागि विद्यार्थी, शिक्षक तथा अभिभावकसँग पृष्ठपोषण लिन **अध्यक्षसँग विद्यार्थी कार्यक्रम** संचालन गरिनेछ ।
- विद्यार्थीलाई अध्ययन सँगसँगै जिवनोपयोगी सीप समेत सिकाउन र सैद्धान्तिक ज्ञानलाई व्यवहारिक सीपसँग आवद्धता गराउन सामाजिक परियोजना कार्य (Social Action Plan) विद्यालयमा संचालन गरिनेछ।

- विद्यालयको शैक्षिक गतिविधिलाई नियमित गर्न तथा शैक्षिक क्षति न्यूनीकरण गर्न शिक्षक बैंक स्थापना गरि प्रसुती विदामा रहेका महिला शिक्षकको स्थानमा बिदा अवधिभर स्वयम् सेवक शिक्षकको व्यवस्था गरिनेछ ।
- संघ, प्रदेश, स्थानीय सरकार तथा निजी क्षेत्रसँगको समन्वय तथा सहकार्यमा बिद्यालयमा अध्ययनरत बिद्यार्थीहरुलाई आउन सक्ने स्वास्थ्य सम्बन्धी समस्या समाधान तथा सचेतना प्रदान गर्न बिद्यालय नर्सिङ्ग कार्यक्रमका अतिरिक्त अन्य कार्यक्रमलाई जोड दिईनेछ।
- शिक्षाको गुणस्तर अभिवृद्धि गर्न विद्यार्थी, शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति तथा अन्य सरोकार पक्षसँग छलफल अन्तरक्रिया गरिनुका साथै उनीहरुलाई थप जिम्मेवार बनाईनेछ।
- खेल अभियान पालिकाको पहिचान भन्ने मूल नारालाई स्थापित गर्न पालिकाको सराई खेल मैदानलाई जिल्लाकै उत्कृष्ट खेलमैदान बनाई जिल्ला स्तरीय कार्यक्रम आयोजना गर्न सकिने गरि खेलकुद मैदानको संचालन क्षमता विकास गर्न सराई खेलकुद मैदान निर्माणका लागि संघ, प्रदेश सरकारको आबश्यक समन्वय, सहकार्यलाई निरन्तरता दिईनेछ।
- खेलकुदः "स्वस्थ जिबनको आधार, स्वस्थ समाजको निर्माण" को नारा लाई ब्यबहारमा स्थापित गर्न खेलकुदको माध्यमबाट स्वास्थ्य रहन र व्यक्तिगत विकास गर्न पालिका भित्र बिभिन्न खेलकुदहरुलाई निरन्तरता दिईनेछ। खेलकुद माध्यमबाट पालिकाको शाख र शान उच्च गराई राख्ने खेलाडीलाई सम्मान गरिने नीति ब्यबस्था गरिने छ ।

## ख. स्वास्थ्य सम्बन्धी नीतिः

- आधारभूत स्वास्थ्य सेवालाई निशुल्क, गुणस्तरीय तथा प्रभावकारी बनाउँदै स्वास्थ्य सेवाको पहुँच र उपभोग बढाउन निरन्तर जनस्वास्थ्यका कृयाकलाप एवं अभियानहरु संञ्चालन गरिनेछ ।
- प्रतिकारात्मक, प्रबर्धनात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्रशामक स्वास्थ्य सेवालाई भौगोलिक क्षेत्र र आवश्यकताको आधारमा प्राथमिकीकरण गर्दै सेवा प्रदान गरिनेछ ।
- माथागढी ४ झडेवामा बन्दै गरेको १५ शैयाको अस्पताल निर्माणलाई सम्पन्न गरी सेवा सुचारु गरिनेछ ।
- गम्भिर रोगको उपचार खर्च अभाब हुन नदिन गाउँमै बसोबास गर्ने अति बिपन्न बासिन्दाहरुको लागि स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिईनेछ। बिमीतको घरपरिवारको आर्थिक अवस्थाको आधारमा नवीकरण तथा थप बिमा गर्ने ब्यवस्था मिलाईने छ ।
- स्वास्थ्य चौकीमा रहेका प्रयोगशालालाई थप ब्यवस्थित र गुणस्तरीय बनाउँदै संचालन गरिनेछ ।
- ६० बर्ष माथिका बृद्धबृद्धा र अशक्तहरुलाई घरमै नियमित स्वास्थ्य जाँच गर्न घरघरमा स्वास्थ्यकर्मी कार्यक्रमलाई निरन्तरता दिईनेछ।साथै ८५ बर्ष उमेर पुरा भएका जेष्ठ नागरिकहरुलाई स्वास्थ्य उपचारको लागि स्वास्थ्य संस्थासम्म आवतजावत गर्न निशुल्क एम्बुलेन्सको व्यवस्था गरिनेछ।
- गाउँपालिकाका आफ्नै भवन नभएका स्वास्थ्य संस्थाहरुलाई जग्गा प्राप्तीको लागि पहल गरी जग्गा भएको ठाउँमा भवन निर्माणको लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।
- स्थानीय जडिबुटी र परम्परागत ज्ञान एवं उपचार पद्दतिलाई प्रबर्द्धन गरिनेछ ।

- महिलाको प्रजनन् स्वास्थ्यको हकलाई सुनिश्चित गर्न उपाध्यक्ष आमा सुरक्षा, “गर्भवतीलाई अण्डा र घरमा हरियो झण्डा "कार्यक्रमलाई परिमार्जित गर्दै गर्भवतिलाई अण्डा, फोलिक एसिड र क्याल्सियम चक्कीको व्यवस्था गरिनेछ।
- गाउँपालिका भित्रका सम्पूर्ण बिद्यालयहरुमा बिद्यालय स्वास्थ्य तथा पोषण र सरसफाई कार्यक्रमलाई निरन्तरता दिईनेछ। विद्यालयहरुमा प्रजनन् स्वास्थ्य र यौन शिक्षासंग सम्बन्धित बिषयका कक्षाहरु संम्बन्धित वडाका स्वास्थ्यकर्मीहरुबाट महिनाको कम्तिमा एक पटक अन्तरक्रियात्मक कक्षा संचालन गरिने र एक शैक्षिक शत्रभित्रमा कम्तिमा एकपटक विद्यार्थीको स्थास्थ्य परिक्षणको ब्यवस्था मिलाईनेछ।
- सर्ने तथा नसर्ने रोगको न्यूनीकरण गर्न आवश्यक कार्यक्रमको प्रबन्ध गर्दै धुम्रपान, मद्यपान र सुर्तिजन्य पदार्थ बिक्रि बितरणलाई निरुत्साहित गर्नको लागि सचेतना कार्यक्रम संचालन गरिनेछ साथै मानसिक स्वास्थ्य, आत्महत्या तथा सडक दुर्घटना न्युनिकरण जस्ता कार्यक्रम संचालन गरिने छ ।
- गाउँपालिका भित्रका आर्थिक रुपमा अति विपन्न वा असहाय नागरिकहरु आकस्मिक बिरामी भई उपचारको लागि स्वास्थ्य संस्थासम्म पुग्नको लागि आकस्मिक प्रेषण कोषको ब्यवस्था मिलाईनेछ।
- प्रसुति सेवालाई ब्यवस्थित बनाउन आर्थिक रुपमा अति बिपन्न महिलालाई बर्थिङ्ग सेन्टरसम्म ल्याउन र बर्थिङ्ग सेन्टरबाट सुबिधा सम्पन्न अस्पतालमा प्रेषण गर्नु परेमा निशुल्क एम्बुलेन्सको ब्यवस्था मिलाईनेछ ।

- प्रत्येक ब्यक्तिले बर्षमा एकपटक स्वास्थ्य परिक्षण गर्ने र रोग पहिचान भएका ब्यक्तिको समयमै स्वास्थ्य उपचार गराउन सहजीकरण गर्नको लागि आवश्यक कार्यक्रमको तर्जुमा गरिनेछ ।
- सबै स्वास्थ्य संस्थाहरुलाई स्वास्थ्य ब्यवस्थापन सुचना प्रणाली (HMIS) मा समेट्नको लागि ईन्टरनेटको ब्यवस्था गरिनेछ ।स्वास्थ्य संस्थाबाट गरिने अभिलेख र मासिक प्रतिबेदनलाई डिजिटलाईज गर्ने प्रबन्ध मिलाईनेछ ।
- खोप सेवालाई प्रभाबकारी र गुणस्तरीय रुपमा संचालन गर्न आवश्यक उपकरण र खोप केन्द्रको ब्यवस्था मिलाईनेछ ।
- पूर्ण खोप सुनिश्चितताको लागि बालबालिकाहरुको बिद्यालय भर्ना अभियानमा बाल स्वास्थ्य कार्डलाई अनिबार्य गर्रिदै लगिनेछ ।
- बालबालिकाहरुको नियमित बृद्धि अनुगमन सुनिश्चितताको लागि दलित बालपोषण जस्ता सुबिधामा **बाल स्वास्थ्य कार्डको** व्यवस्था गर्रिदै लगिनेछ।
- स्वास्थ्य संस्थाको फोहर ब्यवस्थापन गर्न आवश्यक ब्यवस्था मिलाईनेछ ।
- कर्मचारीहरुको क्षमता अभिबृद्धिको लागि आवश्यक तालिम, गोष्ठी, अभिमुखीकरण तथा अनसाईट कोचिङको ब्यवस्था गर्दै प्रोत्साहनको ब्यवस्था मिलाईनेछ ।

- बर्थिङ्ग सेन्टरको गुणस्तर कायम गर्न सेवाग्राहीको चापको समीक्षा गर्दै क्रमशः आवश्यकताको आधारमा बर्थिङ्ग सेन्टर समायोजन तथा व्यवस्थापन गरिने छ ।

- म.स्वा.स्वयं सेबिकाहरुलाई उत्प्रेरीत गर्न बिभिन्न कार्यक्रमहरु संचालन गरिने छ।सेवाग्राहीको खोजि गर्न तथा सेवाको निरन्तरताको लागि महिला

सामुदायिक स्वास्थ्य स्वयंसेबिकाहरुलाई उपलब्ध गराउँदै आएको संचार खर्चलाई निरन्तरता दिंदै मासिक रुपमा उपलब्ध गराईएको यातायात वापतको रकममा बृद्धि गरिनेछ साथै स्वास्थ्य संस्था प्रमुखहरुको लागि समेत आवश्यक व्यवस्था गरिनेछ।

- माथागढी गाउँपालिका भित्रका वडाहरुमा महिलाहरुलाई स्वास्थ्य संस्थामा सुत्केरी हुने बातावरणको सुनिश्चितता गर्दै पूर्ण संस्थागत प्रसुति सेवायुक्त वडा तथा पालिका सुनिश्चितता घोषणा कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।
- ६० बर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयं सेबिकाहरु सेवाबाट सम्मान जनक बिदाई भएमा गाउँपालिकाबाट थप सुबिधा प्रदान गर्ने ब्यवस्था गरिनेछ साथै १० बर्ष भन्दा बढी सेवा प्रदान गरि बिभिन्न प्रकारले सेवाबाट बिस्थापित हुन पर्ने अवस्थामा समेत गाउँपालिकाबाट सम्बोधन गरिने छ ।
- बिभिन्न अस्पताल तथा स्वास्थ्य सेवा केन्द्र संग समन्वय गरी समुदाय स्तरमा बिभिन्न प्रकारका स्वास्थ्य शिबिरहरुको आयोजना गरिनेछ ।
- पोषणमैत्री स्वास्थ्य संस्था तथा पालिका घोषणाको लागि कार्यक्रम संचालन गरिदै लगिनेछ।
- बिद्यालयका शिक्षक/शिक्षिकाहरुलाई आधारभुत स्वास्थ्य ,प्राथमिक उपचार सम्बन्धी अभिमुखीकरण गर्दै प्राथमिक उपचार किटको ब्यवस्था गरिनेछ ।
- चिदीपानी आयुर्बेदिक औषधालयलाई बैकल्पिक चिकित्सा सेवा प्रदायकको रुपमा विकास गर्न विशेष व्यवस्था गरिनेछ।
- आमाको दुधलाई प्रतिस्थापन गर्ने बस्तु बिक्रि बितरण नियन्त्रणको लागि कार्यक्रम संचालन गर्दै पूर्ण स्तनपानलाई प्रवर्धन गरिने छ ।

- HIV संक्रमितहरुका लागि पुनर्स्थापना र ART उपचारको लागि आवश्यक व्यवस्था मिलाईने छ ।
- बालबिवाह न्युनिकरणको लागि आवश्यक कार्यक्रमको तर्जुमा गरिने छ ।
- मेरो स्वास्थ्य, मेरो जिम्मेवारी कार्यक्रम संचालन गर्दै स्वस्थ जीवनशैली अपनाउन प्रेरित गरिने छ ।
- स्वस्थ नागरिक, स्वस्थ माथागढी कार्यक्रम संचालन गरिने छ ।
- महिलाको पाठेघरको मुखको क्यान्सर जोखिमलाई न्यूनीकरण गर्न सो को स्क्रिनिङ्ग तथा परिक्षण शिबिर संचालन कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ।
- अति बिपन्न नागरिक, आर्थिक र सामाजिक रुपले पिछडिएका नागरिकहरुको सम्बन्धित वडा कार्यालयको सिफारिसको आधारमा निःशुल्क स्वास्थ्य बीमाको कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- गुणस्तरिय प्रसुति सेवा प्रवाहको लागि बर्थिङ्ग सेन्टरको रुपमा स्थापित भई प्रसुति सेवा प्रदान गर्ने स्वास्थ्य चौकी वा साझेदारी संस्थाको सामुदायिक क्लिनिकमा कार्यरत स्टाफ नर्स/अ.न.मि कर्मचारीहरुको लागि क्षमता अभिबृद्धि गर्न SBA तालिमको व्यवस्था मिलाईने छ।
- स्वास्थ्य सेवाको पहुँच र गुणस्तर सुधार गर्दै दिगो स्वास्थ्य प्रणालीको विकास गर्न आगामी आर्थिक बर्षमा अल्पकालीन योजना (Short-Term Health Plan), मध्यकालीन योजना (Mid-Term Health Plan), दीर्घकालीन योजना (Long-Term Health Plan) सहित स्वास्थ्य नीति बनाईनेछ।
- आपतकालीन अवस्थामा विरामीलाई रगतको सहजताको लागि रगत संकलन केन्द्र (Blood Bank) संचालन गर्न सहकार्य गरिनेछ।

## ग. लैङ्गिक समानता, सामाजिक सुरक्षा र समावेशीकरण सम्बन्धी नीतिः

- गाउँपालिका भित्रका विपन्न महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग भएका व्यक्ति, एकल महिला, दलित, आदिवासी जनजाति, यौनिक अल्पसंख्यक एवं वञ्चितिमा परेका लक्षित समुदायको आर्थिक एमं सामाजिक सशक्तीकरणमा जोड दिइनेछ ।
- लैङ्गिक मैत्री कानून तर्जुमा तथा कार्यान्वयन गरि पिछडीएका, एकल तथा विपन्न महिलाहरुलाई विशेष जोड दिइ महिलाहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै आर्थिक सशक्तिकरणका लागि जिविकोपार्जन सुधार कार्यक्रम आवश्यकताको आधारमा उद्यमशिलताको माध्यमबाट सञ्चालन गरिनेछ।
- समाजमा रहेका विभिन्न सामाजिक कुरीति तथा प्रथा परम्पराहरु जस्तै बालविवाह, बहु-विवाह, दाईजो प्रथा, घरेलु हिंसा, जातिय-लैङ्गिक हिंसा, छुवाछुत, लागुपदार्थ दुर्व्यसनी, मानव वेचविखन, आत्महत्या दुरुत्साहन जस्ता अपराध, बालश्रमलाई न्यूनिकरण तथा नियन्त्रण गर्नको लागि प्रहरीहरुसँग साझेदारी गरि कानूनी सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ। साथै दिवसिय कार्यक्रमको माध्यबाट सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- लैङ्गिक हिंसा निवारण कोषलाई सक्रिय गरि हिंसामा परेकाहरुलाई कार्यविधि तथा नियमानुसार सहायता प्रदान गरिने व्ववस्था मिलाइनेछ।
- समाजको भविष्यका रुपमा रहेका बालबालिकाको विकासको लागि बाल बचाऊ, बाल विकास, बाल संरक्षण र बाल सहभागिताको पक्षमा हुने कार्यक्रम निर्माण गरि कार्यान्वयन गरिनेछ, साथै अभिभावक विहिन बालबालिकाकलाई संरक्षणको लागि विशेष व्यवस्था गरिनेछ ।

- बालमैत्री स्थानीय शासन कायम गर्न निर्देशिकाले तोकेको सूचकहरु हासिल गर्दै बालमैत्री स्थानीय गाउँपालिका २०८३ असोज मसान्त सम्म घोषणा गरिनेछ।
- फरक क्षमता भएका व्यक्तिहरुलाई परिचयपत्र प्रदान कार्यलाई निरन्तरता दिदै रातो, निलो, पहेलो र सेतो परिचयपत्र प्राप्त गरेका व्यक्तिहरुलाई निःशुल्क आवश्यक सहयोगी सामाग्रीको व्यवस्था गरिनेछ, साथै आत्मनिर्भताको लागि सिप विकास तालिम संचालन र अवस्थाको आधारमा स्वास्थ्य विमा गर्ने व्यवस्था मिलाईनेछ ।
- भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री, अपाङ्गमैत्री, महिलामैत्री संरचनामा जोड दिइनेछ ।
- जेष्ठ नागरिकहरुले आफ्नो अनुभव, सीप भावी पुस्तामा हस्तान्तरण गरी पुऱ्याएको योगदानको कदर गर्दै जेष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- दलित, आदिवासी जनजातिको उत्थान, विकास र संरक्षणको लागि विभिन्न कार्यक्रम संचालन गरिनेछ।
- महिलाहरूलाई शसक्तीकरण गरी नेतृत्वदायी भूमिकामा पुर्याउन तथा आर्थिक स्वतन्त्रता सुनिश्चित गरी स्वरोजगारका अवसर उपलब्ध गराउन सिपमूलक तालिम सञ्चालन गर्ने ब्यबस्था ल्याईनेछ।
- महिलाहरूका लागि स्वास्थ्य सेवा विशेष प्राथमिकतामा राखी प्रजनन स्वास्थ्य, मातृ स्वास्थ्यलाई मध्यनजर गर्दै पेशागत बिज्ञहरु बाट मनोसामाजिक र शैक्षिक परामर्शका कार्यक्रम गर्ने ब्यबस्था मिलाईने छ ।
- लैङ्गिक हिंसा न्यूनीकरणका लागि हरेक वडामा कानूनी परामर्श सहायता केन्द्र व्यस्थापन गरिने व्यवस्था मिलाईनेछ।

- जेष्ठ नागरिकहरुको जनघनत्वको आधारमा आगामी आर्थिक बर्षमा पालिका भित्र दुई स्थानमा पहिलो जेष्ठ नागरिक दैनिक भलाकुसारी प्रतिक्षालयको व्यवस्था गरिनेछ। ज्येष्ठ नागरिकहरुमा तनाव चिन्ता कम गराई आत्मशान्ति कायम राख्न योग/ ध्यान सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ।

## ३. पूर्वाधार विकास क्षेत्र

- गाउँपालिकाको प्रशासकीय भवनको निर्माण कार्यलाई तिव्रता प्रदान गरिनेछ।
- माथागढी गाउपालिकाभित्र गाउपालिकाले तयार गरेको सडक मापदण्ड तथा सडक गरुयोजना बमोजिम सडक निर्माण तथा स्तरोउन्नती कार्यलाई निरन्तरता दिईनेछ।
- सडक मर्मत संभारको लागि तथा अन्य आवश्यक कार्यको लागि नीतिगत व्यवस्था गरि गाउँपालिकाको डोजर संचालन गरिनेछ साथै आवश्यकताको आधारमा भाडामा समेत डोजर संचालन गर्न सकिनेछ ।
- सार्वजनिक यातायातको सेवा सुधारको लागि सरोकारवालासंगको समन्वयमा गुणस्तरिय सेवा प्रबाह सुनिश्चितता गरिनेछ।
- संघ र प्रदेश सरकारको सहकार्य, समन्वयमा पालिका भित्र रहेका मुख्य सडक मार्गलाई ब्यबस्थित गर्दै राष्ट्रिय राजमार्गमा जोड्ने पहल गरिनेछ। साथै पालिकाभित्रका मुख्य सडकहरु बर्षभरि संचालन हुने व्यवस्था मिलाइनेछ।
- बासटरी-झडेवा हुँदै दुम्कीबास (दुई प्रदेश जोड्ने) सडकलाई गौरवको आयोजनाको रुपमा स्तरोन्नती गर्दै लगिनेछ। गाँउपालिका पहुँचमार्ग (देवगिर झडेवा खण्ड) स्तरोन्नतीको लागि उच्च प्राथमिकता दिइनेछ।

- बधवारी-बुद्धिकोट- जाउपोखरा मोटरबाटो, मोहने मान्के दोहोरा फेदी हुदै भिमाद मोटरबाटो, बिरौटा धैरेनी रुमालडाडा बिहादी मोटरबाटो, सराई एक्लेवर ओलेस सिलङ्गी रिङ्गरोड मोटरबाटो, झडेवा रिङ्गरोड, झडेवा जगात खैरेनी मोटरबाटो, जगात भुटुके महलपोखरी सुनवल मोटरबाटो, झडेवा रहवास बहादुरपुर मोटरबाटो, केरौली बहादुरपुर मोटरबाटो, सराई शिकारकोट हर्नेटार मो.बा., मनसेवा दमार कुम्भी सिम्ले चारघरे अर्गले मो.बा.लाई स्तरोन्नतीको लागि प्राथमिकता दिइनेछ।
- माथागढी गाँउपालिकाको वडा नं. १ रम्भा गाँउपालिकाको वडानं. ३ जोड्ने गरी गोतामेघातमा दुई पालिकाको लागत साझेदारीमा पक्की कलभर्ट पुल निर्माण गरिनेछ।
- समुदायमा आधारित कार्यक्रम अन्तर्गत टोल सुधार समिति र सम्बन्धित वडा कार्यालयको समन्वयमा गाउँपालिकाको मुख्य सडक खण्डको दाँया -बायाँ क्षेत्रमा वृक्षारोपण गरि हरित सडकको रुपमा विस्तार गर्ने नीति ल्याईनेछ ।
- संघीय र प्रदेश सरकारको समन्वय र सहकार्य गरि विद्युत् (नवीकरणीय ऊर्जा सहित) उपलब्ध नभएका स्थानमा विद्युतीकरण गर्न गाउँबासीलाई प्राथमिकताका साथ **उज्यालो अभियान** कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- पालिकाभित्रका विद्यालय, स्वास्थ्य चौकी, सामुदायिक भवन निर्माण कार्यलाई निरन्तरता दिईनेछ।
- गाँउपालिका क्षेत्रभित्रको खानेपानी नपुगेको वस्तीमा खानेपानी पहुँच पुर्याउन विशेष प्राथमिकता दिइनेछ। साथै लिफ्टिङ्ग खानेपानीको विद्युत महशुलमा ५०% अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

- खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा चालु अवस्थामा रहेका, निर्माणाधिन अवस्थामा रहेका र भविष्यमा आवश्यक पर्ने योजनाहरु समावेश गरि गाँउपालिका स्तरिय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तर्जुमा सम्पन्न भएको छ। खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा पूर्वाधार निर्माण गर्नुपर्दा यसै योजनामा समावेश भएका योजनाहरुलाई प्राथमिकता दिइने छ।

## ४. सूचना तथा सञ्चार सम्बन्धी नीति

- माथागढी गाँउपालिका क्षेत्रभित्र मोबाइल फोनको नेटवोर्क नटिप्ने ठाँउमा संचार सेवालाई प्रभावकारी बनाउन सम्बन्धित निकायसँगको पहलमा गाँउपालिकाको वडा नं. ०५ मा यथाशिध्र टेलिफोन टावर निर्माणको लागि पहल गरिनेछ।
- आम नागरिकहरुलाई सूचनाको हक सम्बन्धमा सुसूचित गराउन राष्ट्रिय सूचना दिवस मनाइनेछ।
- गाउँपालिकाका सम्पूर्ण कागजात एकीकृत रूपमा आफ्नै सर्भरमा भण्डारण गर्नको लागि कार्यालयले गाँउपालिकाको केन्द्रिय सर्भर खरिद गरि प्रयोगमा ल्याउने छ।
- माथागढी गाँउपालिका क्षेत्रभित्रको सुरक्षा व्यवस्थालाई थप चुस्त दुरुस्त बनाउन आवश्यकताको आधारमा सि.सि. टिभि क्यामेरा जडान कार्य गरिनेछ।

- डिजिटल मैत्री गाउँपालिकाको नीतिलाई निरन्तरता दिईनेछ भने नागरिकहरुको सूचनाको हकलाई सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्री बनाईनेछ ।

## ५. सांस्कृतिक संरक्षण र पर्यटन प्रवर्द्धन

- सबै वडामा रहेका पर्यटकीय क्षेत्रको जानकारी सहितको "माथागढी गाउँ पर्यटन पुस्तिका" पालिकाको Web Base डिजिटल प्लेट फर्ममा प्रकाशन गरिनेछ। चोकचोकमा सूचनामूलक होर्डिङ्ग बोर्डको व्यवस्था गरिनेछ ।
- पालिकाभित्रका मुख्य पर्यटकीय तथा सास्कृतिक क्षेत्र कौडेलेक, माथागढी, धैरेनी, वलेस, खैरेकोट, लब्द्धकोट, सिखर, घोर्लीखर्क, सत्यवती मन्दिर, मालिका देवी मन्दिर तथा भयरथानको पूर्वाधार विकास, संरक्षण र प्रचार प्रसार गरिनेछ साथै होम स्टेलाई स्थानीय सस्कतिसँग आवद्धता गर्दै सहज पहुचको लागि उपयुक्त स्थानमा **पर्यटक जानकारीमूलक बोर्ड** बनाई राख्ने ब्यबस्था मिलाईनेछ। होम स्टे, ट्रेकिङ मार्ग, सांस्कृतिक महोत्सव लगायतका पर्यटन पूर्वाधार विकासमा प्राथमिकता राखिनेछ।
- सबै जातजातिको मौलिक संस्कृतिको संरक्षण, संबर्द्धन, प्रवर्द्धन र सम्मान गर्ने नीति अबलम्बन गरिनेछ।
- खानाको परिकारबाट कृषि पर्यटन प्रबर्द्धन गर्न टेवा पुर्याउने खालको तालिमको ब्यबस्था गरिनेछ ।
- माथागढी गाँउपालिका वडा नं. ०३ सराई फूलबारीमा रहेको लखन थापा पार्कलाई ब्यबस्थित गरि लखन थापा ग्रिन पार्कको रुपमा विकास गरिनेछ।
- हाम्रो साँस्कृतिक धरोहर मौला तथा माथा मन्दिरको संरक्षण गर्ने ब्यबस्था मिलाईछ।

- पर्यटकीय क्षेत्रको पूर्वाधार विकास गरि पर्यटन प्रवर्द्धन गर्न आवश्यकता र प्राथमिकताको आधारमा विस्तृत योजना प्रतिवेदन (DPR) तयार गरिनेछ।

## ६. वन, वातावरण संरक्षण र जलवायु सम्बन्धी नीतिः

- गाँउपालिका भित्र रहेका सम्पूर्ण खानेपानीका मुहानहरुको खोज तथा सुचिकृत गरि पानीको मुहान संरक्षण गर्ने ब्यबस्था मिलाईनेछ। साथै विकास निर्माणका कार्य गर्दा पानीको मुहानमा प्रतिकूल प्रभाव नपर्ने गरि गरिनेछ।खेती योग्य जमिन सिंचाई गर्ने पानीको मुहान संरक्षण गर्न समुदाय स्तरको साझेदारीमा आवश्यक व्यवस्था मिलाईनेछ।
- बाँझो रहेका स्थानमा वृक्षारोपण गरि वन संरक्षण गर्ने नीति लिईनेछ।
- जलवायु परिवर्तन अनुकूलन कार्यक्रमहरु विपद् जोखिम न्यूनीकरणमा सहयोग हुने हुनाले जलबायु परिवर्तनले पर्ने प्रभाव, अपनाउनु पर्ने सतर्कता लगायतका विषयमा जानकारी दिन सचेतनामूलक कार्यक्रम गरिनेछ।
- जलवायु परिवर्तन तथा वातावरणीय रुपमा प्रतिकूल प्रभाव पार्ने प्लाष्टिकजन्य वस्तुको प्रयोगमा कमि ल्याउने नीति बनाइनेछ। दशै, तिहार लगायतका अन्य चाडपर्वहरुमा प्लाष्टिकजन्य वस्तुबाट बनेका माला प्रयोगमा रोक लगाई स्थानीय स्तरमा उत्पादित फुलबाट बनेको फुल, माला प्रयोगको लागि प्रोत्साहन गरिनेछ।

## ७. विपद व्यवस्थापन सम्बन्धी नीतिः

- विपद् जोखिम मूल्यांकन र समुदायमा आधारित विपद् तयारीका लागि गाउँपालिकाको विपद प्रतिकार्य टिमको क्षमता विकास गरिनेछ।

- विपद् जोखिम न्यूनीकरण, पूर्व तयारी तथा विपदबाट हुने क्षति न्यूनीकरण गर्न वडा स्तरमा **विपद तिब्र प्रतिकार्य टिम** बनाइनेछ। सुरक्षा निकायसँग समन्वय गरि आपतकालीन प्रतिकार्य योजना परिमार्जन, विपद् सम्बन्धी जनचेतना र क्षमता विकासका Mock drill लगायतका कार्यक्रम संचालन गर्ने ब्यबस्था मिलाईनेछ ।
- विपद व्यस्थापनमा ठुलो रकम आबश्यक पर्ने अवस्था आएमा पालिकाबासी नागरिक, गैरआवासीय पालिकाबासी नेपाली र निजि क्षेत्रलाई समेत आब्हान गर्ने नीति अबलम्बन गरिनेछ साथै गाउँपालिकाले विपद् व्यवस्थापनको लागि यथोचित रकम विपद व्यवस्थापनको लागि विनियोजन गर्नेछ।
- गाउँपालिकाभित्र रहेको तिनाउ लगायतका खोलाहरुबाट हुने कटान रोक्न छिमेकी स्थानीय तह, प्रदेश एबं संघीय सरकारसँग समन्वय र सहकार्य गरिनेछ।साथै बर्षातको मौसम सकिना साथ वातावरणीय प्रभाव अध्ययन कार्य गरी जोखिम निम्त्याउने गरि थुप्रीयको ढुङ्गा, गिट्टी, बालुवाको व्यवस्थापन गरिनेछ ।

## ८. संस्थागत विकास तथा सेवा प्रवाह सम्बन्धी नीतिः

- पालिकाबाट प्रवाह हुने प्रशासनिक सेवा लिन पालिकाबासीले पालिकामा नै धाई रहनु पर्ने अवस्थालाई मध्येनजर गर्दै सम्बन्धित वडा कार्यालयबाट नै छिटो छरितो र सहज रुपमा सेवा प्रवाह/प्राप्ति गर्न डिजिटल मैत्रि पालिका बनाइने छ।
- पालिका तथा पालिका अन्तर्गतका कार्यालयबाट प्रवाह हुने सेवालाई छिटो, छरितो र सेवाग्राही मैत्री बनाउन ई-गभर्नेन्स, जनसहभागिता, पारदर्शिता,

जवाफदेहिता लगायतका अवयवहरु समावेश गरि सेवा प्रवाह सुधार योजना बनाइ कार्यान्वयन गरिनेछ।

- गाँउपालिकाबाट प्रवाह हुने स्वास्थ्य, शिक्षा, कृषि, सामाजिक सुरक्षा लगायतका सेवाबाट आम नागरिकलाई प्रत्यक्ष लाभान्वित गराउन सेवा प्रवाह प्रणालीमा सुधार गरिनेछ |
- प्रशासनिक दक्षता अभिवृद्धि गर्न कर्मचारीको क्षमता विकास तालिम संचालन गरिनेछ।गाँउपालिकाको सेवा प्रवाहलाई प्रभावकारी बनाउन करार सेवामा कार्यरत कर्मचारीहरुको क्षमता, अनुभव र कार्य सम्पादन मुल्यांकनका आधारमा मात्र करार सेवाको नबिकरण गरिने नीति लिईनेछ|
- भूमिहीन, दलित, भूमिहीन सुकुम्बासी तथा अब्यबस्थित बसोबासीलाई राष्ट्रिय भुमि आयोगसँग समन्वय गरि जग्गाधनी प्रमाण पुर्जाको लागि पहल गरिनेछ।
- कार्यरत राष्ट्रसेवक कर्मचारीहरूको उत्प्रेरणा र मनोबल अभिबृद्धि गर्न कार्यसम्पादनको आधारमा प्रोत्साहन गर्न सकिने नीति अबलम्बन गरिनेछ । तोकिएको जिम्मेवारी तोकिएको समयमा पुरा गर्नेलाई प्रोत्साहन र नगर्ने कर्मचारीलाई कारबाहीको दायरामा ल्याईनेछ।

## ९. रोजगार सम्बन्धी नीतिः

- यस गाउँपालिकामा सूचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारी प्रदान गरी सार्वजनिक पूर्वाधार निर्माणसँगै सामाजिक संरक्षणको प्रत्याभूति गराइनेछ।
- श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

- वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुका लागि श्रम स्वीकृती तथा पुनःश्रम स्वीकृती सम्बन्धी सहजिकरण गर्ने कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।
- आन्तरिक रोजगारी प्रवर्द्धनका लागि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुका लागि उद्यमशिलता प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।
- वैदेशिक रोजगारीलाई सुरक्षित मर्यादित र व्यवस्थित बनाउनका लागि समुदायस्तरमा अभिमुखीकरण तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
- मजदुर दुर्घटना बिमा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

## १०. कानुन न्याय तथा मानव अधिकार सम्बन्धी नीतिः

- नागरिकलाई न्यायमा पहुँच, कानूनमा सवल र अब्बल बनाउनको लागि न्यायिक समितिसँग प्रहरि साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ ।
- पालिका स्तरिय मेलमिलापकर्ता तथा वडा स्तरिय मेलमिलाप केन्द्रलाई चुस्त दुरुस्त बनाउनका लागि केन्द्रको व्यवस्थापन गरिनेछ। मेलमिलापकर्तालाई पुनर्ताजकी तालिम दिई क्षमता विकास गरिनेछ साथै समय समयमा मेलमिलाप केन्द्रको अनुगमन तथा पुनरावलोकन गरि मेलमिलापकर्ताहरुसँग छलफल कार्यक्रम सञ्चालन गरिनेछ ।
- न्यायिक कार्यसञ्चालन सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउनको लागि न्यायिक समितिको कार्य सञ्चालनका क्रममा न्यायिक समिति तथा सचिवालयको कर्मचारीलाई आवश्यक पर्ने सुरक्षा तथा सुविधा उपलब्ध गराईनेछ ।

## ११. सामाजिक सुरक्षा तथा पञ्जिकरण सेवा सम्बन्धी नीतिः

- पालिका भित्र रहेका अति बिपन्न, अपाङ्ग, अनाथ, असहाय, सिमान्तकृत जेहेन्दार बिद्यार्थीहरु लगायत उल्लेखित लक्षित वर्गहरूको पहिचान गरि लाभान्वित हुने गरि पालिका प्रमुख छात्रवृत्ति कोष स्थापना तथा ब्यबस्थित परिचालन गर्ने ब्यबस्था मिलाईनेछ |
- पक्षघात भएका जेष्ठ नागरिक, महिला, दलित, फरक क्षमताका व्यक्ति र विपन्न वर्गका नागरिकहरुको जिबनशैलीमा सहजीकरणका लागि सहायक उपकरण (ह्वीलचेयर वा वाकर) को ब्यबस्था गरिनेछ | सामाजिक सुरक्षा भत्ता वितरण Biometric प्रणालीबाट रुजु गरि वितरण गर्ने व्यवस्था गरिनेछ।
- व्यतिगत घटना घटेको ३५ दिन भित्र दर्ता गराउनु पर्ने कानूनी व्यवस्थाको परिपालना गर्न गराउन विभिन्न सचेतनामूलक कार्यक्रमहरु वस्ती स्तरमा सञ्चालन गरिनेछ।
- योगदानमा आधारित सामाजिक सुरक्षा कोष स्थापना गरिनेछ ।

सभाका सदस्यज्यूहरु,

अब अन्त्यमा,

माथागढी गाँउपालिका बासीको माग र आवश्यकताको आधारमा स्थानीय निर्वाचनमा जनता समक्ष गरेको प्रतिवद्धता र संकल्पलाई पुरा गर्न बजेट निर्माण देखि कार्यान्वयन प्रक्रियासम्मको पुरावलोकन गरी पुँजीगत खर्च वृद्धि गर्ने र चालु खर्चमा मितव्ययिता कायम गरी वित्तीय जवाफदेहीतालाई कडाइका साथ लागू गरी आर्थिक प्रशासनलाई थप पारदर्शी र नतिजामुखि बनाउने उद्देश्यका साथ प्रस्तुत नीति तथा कार्यक्रम केन्द्रित रहेको छ।

समग्र प्रतिबद्धता र भावी योजना सहितको प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमाको लागि सल्लाह सुझाब दिई योगदान गरि सहयोग गर्नुहुने सभाका सदस्यज्यूहरु, राष्ट्रसेवक

कर्मचारी, राजनीतिक दल, सामाजिक व्यक्ति, श्रमजीबी बर्ग, संचारकर्मी, विकास साझेदार एबं गैरसरकारी संघसंस्था तथा आम माथागढीबासी जनसमुदाय प्रति कृतज्ञ छु।

प्रस्तुत गरिएका नीति तथा कार्यक्रमको लक्ष्य **"हाम्रो माथागढी हाम्रो शान, समृद्ध माथागढी हाम्रो पहिचान" भन्ने मुल** नारालाई साकार पार्नु हो। प्रस्तुत नीति तथा कार्यक्रम सबै तहको सरकार, आम स्थानीय बासी र सरोकारवाला सबैको राय परामर्श तथा सुझावलाई आत्मसात गर्दै सोही अनुरुप तयार गरिएको हुँदा यथासम्भव सबै पक्ष र क्षेत्रलाई समेट्ने प्रयास गरिएको छ। स्थानीय सरकारले लिएका उपरोक्त नीतिहरुको प्रभावकारी कार्यान्वयन गरी मुर्त रुप दिनको लागि सबै पक्षको रचनात्मक सल्लाह, सुझाब र सहकार्यको सदैव स्वागत रहेको विश्वास व्यक्त गर्दछु।

धन्यवाद।

यम बहादुर चिदी
अध्यक्ष
माथागढी गाउँपालिका
झडेवा, पाल्पा